**अनुसूची-१**
**राष्ट्रिय दुग्ध विकास बोर्ड**
**हरिहरभवन, ललितपुर**

क) दुग्ध सहकारी संस्था सुढृढिकरण ख) घाँसमा आधारीत दाना उद्योग ग) मिल्किङ्ग मेसिन खरीद र घ) साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारमा अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मिति: २०७१/०१/०३

यस वोर्डको आ.व. २०७०/०७१ मा दुग्ध सहकारी संस्थाहरुको सुदृढीकरण, घाँसमा आधारीत दाना उद्योग, मिल्किङ्ग मेसिन खरीद र साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारका लागि सहभागितामा आधारीत कार्यक्रमका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**१. दुग्ध सहकारी संस्थाहरु सुदृढीकरण कार्यक्रम**

१.१ यस कार्यक्रम अर्न्तगतको अनुदान रकम दुग्ध व्यवसाय सम्वन्धित उपकरण खरिद, भवन निर्माण (कार्यालय तथा कारखाना), दुग्ध संकलन केन्द्र स्थापना, दूध तथा दुग्ध पदार्थ ढुवानी साधन खरिद, दूध तथा दुग्ध पदार्थ विक्री केन्द्र स्थापना गर्ने काममा प्रयोग गर्न सकिनेछ ।

१.२ यस कार्यक्रम अर्न्तगत ४ वटा दुग्ध सहकारी संस्थाहरुलाई प्रति संस्था रु.३०००००/- (अक्षरेपी तीनलाख रुपैया मात्र) अनुदान रकम उपलब्ध गराइनेछ ।

**२. घांसमा आधारित दाना उद्योग अनुदान कार्यक्रम**

२.१ घांसमा आधारित दाना उद्योग अनुदान कार्यक्रम अन्तर्गत, घांस उत्पादन तथा दाना प्रशोधन उपकरण खरिद, घांस तथा दाना ढुवानी साधन खरिद, घांसमा आधारित दाना उत्पादन तथा प्रशोधन कारखाना स्थापना, तथा घांसमा आधारित दाना विक्री केन्द्र स्थापना गर्न प्रयोग गर्न सकिनेछ ।

२.२ यस कार्यक्रम अन्तर्गत १ वटा घाँसमा आधारित दाना उद्योगको लागी रु ४०००००/- (अक्षरुपी चारलाख रुपैंया मात्र) को अनुदान व्यवस्था गरिनेछ ।

**३. मिल्किङ्ग मेसिन खरीद अनुदान कार्यक्रम**

३.१ अनुदान रकम मिल्किङ्ग मेसिन खरीदका लागि प्रयोग गर्नु पर्ने छ ।

३.२ यो अनुदान कार्यक्रम दुग्ध उत्पादक कृषक सहकारी संस्था/संघ/व्यावसायिक गाई भैंसी पालक कृषक/निजी फार्महरुमध्ये जम्मा २ (दुई) निकायलाई प्रति निकाय रु. ५०००००/- (पाँचलाख रुपैया मात्र) का दरले अनुदान रकम उपलब्ध गराइने छ ।

३.३ प्रस्तावकसंग वर्तमानमा कम्तीमा ३० दुधालु गाईभैंसी र प्रतिदिन न्युनतम ३०० लि दूध उत्पादन भएको हुनुपर्ने छ ।

**४. साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारमा अनुदान कार्यक्रम**

४.१ अनुदान रकम साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तार कार्यक्रम अर्न्तगत (दूध तथा दुग्ध पदार्थ विक्री केन्द्र स्थापना, ढुवानी साधन खरिद तथा दुग्ध प्रशोधन कारखाना स्थापना) गर्ने काममा प्रयोग गर्न सकिनेछ ।

४.२ यो अनुदान कार्यक्रम अन्तर्गत ४ वटा साना तथा घरेलु दुग्ध उद्योगहरु प्रति उद्योगलाई रु.२०००००/- (अक्षरेपी दुईलाख रुपैंया मात्र) अनुदान रकम उपलब्ध गराइनेछ ।

५. माथि उल्लेखित सवै अनुदान कार्यक्रमहरुका प्रस्तावक संस्थाले न्युनतम सोही रकम वरावर लगानी गर्नेगरी प्रस्ताव पेश गर्नु पर्नेछ।

६. अन्य सरकारी वा गैह्र सरकारी निकायवाट यस सूचनामा उल्लेखित कामको लागी विगत २ बर्षसम्म यसमा उल्लेखित रकम बरावर वा सो भन्दा बढिको वस्तुगत तथा नगद अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।

७. प्रस्तावकले अनुसूची-२ अनुसारको निवेदन, अनुसूची-३ अनुसारको प्रस्तावको ढांचा र अनुसूची-४ अनुसारको सम्वन्धित जिल्ला पशु सेवा कार्यालयको सिफारीस पत्र पेश गर्नु पर्नेछ ।

८. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता गरेको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

९. यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस वोर्डको कार्यालयमा प्रस्ताव पेश गरि सक्नु पर्नेछ ।

१०. माथि उल्लेखित अनुसूचीहरु वोर्डको सूचना पाटी तथा Website (www.nddb.gov.np) मा हेर्न सकिनेछ ।

**थप जानकारीको लागि सम्पर्क ठेगाना**

राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहर भवन, ललितपुर ।
फोन नं. ०१-५५२५४००, ५५४२७४१